# गैंडाकोट राजपत्र

खण्ड :०९ | संख्या : ०१ | मिति :- २०८३/०३/२२


## भाग - ०२

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

प्रमाणीकरण मितिः २०८३/०३/२२

**प्रस्तावना**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी अनुसूचि-८ आधारभूत र माध्यमिक तहसम्म स्थानीय तहको शिक्षाको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) मा रहेको शिक्षा सम्बन्धी कार्यक्षेत्रलाई कार्यान्वयन गर्न यस गैंडाकोट नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयमा आधारभुत तह (कक्षा ८ सम्म) र माध्यमिक तह (कक्षा १२ सम्म) को शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र पूर्ण रूपमा नि:शुल्क बनाइ उक्त नि:शुल्क शिक्षा कार्यक्रमलाई एकरूपताका साथ प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले गैंडाकोट नगरपालिका शिक्षा ऐन २०७९ को दफा ३७ ले दिएको अधिकार बमोजिम गैंडाकोट नगर कार्यपालिकाको मिति २०८३/०३/२२ गते बसेको बैठकले यो नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद-१

## परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि **२०८३**" रहेको छ।

(ख) यो कार्यविधि गैंडाकोट नगरपलिकाको राजपत्रमा प्रकाशन भएपछि नगरपालिका क्षेत्रभरि लागू हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "कार्यपालिका" भन्नाले गैंडाकोट नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "सभा" भन्नाले गैंडाकोट नगरपालिकाको नगर सभा सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले गैंडाकोट नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिका सम्झनु पर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले "निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३" लाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गैंडाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "आर्थिक प्रशासन शाखा" भन्नाले गैंडाकोट नगर कार्यपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ।

(ज) "शिक्षा शाखा" भन्नाले गैंडाकोट नगर कार्यपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(झ) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्छ, सो शव्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ।

(ञ) "स्वीकृत बजेट" भन्नाले गैंडाकोट नगरपालिकाको नगर सभाबाट विनियोजित बजेट सम्झनु पर्छ र सो शव्दले विभिन्न संघ संस्थाबाट नगरपालिकालाई प्राप्त रकमलाई समेत जनाउछ।

(ट) "शिक्षा समिति" भन्नाले गैंडाकोट नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

(ठ) "शिक्षण संस्था" भन्नाले गैंडाकोट नगरपालिका क्षेत्रभित्रका विद्यालय वा विद्यालय तहको शिक्षा प्रदायक संस्थालाई सम्झनु पर्छ र सो शब्दले अनौपचारीक, वैकल्पिक वा खुला शिक्षा प्रदान गर्ने संस्थालाई समेत जनाउछ।

(ड) "अभिभावक" भन्नाले बालबालिकाको बाबु, आमा, बाजे वा बज्यै वा विद्यालयको अभिलेखमा अभिभावकको रूपमा जनाएको वा नाम दर्ता भएको व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निजको संरक्षकलाई समेत जनाउछ।

(ढ) "निःशुल्क शिक्षा" भन्नाले गैंडाकोट नगरपालिका क्षेत्रभित्रका विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क नलिई दिइने वालविकास देखि कक्षा ८ र क्रमशः सार्वजनिक विद्यालयको कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरूको शिक्षालाई सम्झनु पर्छ (संस्कृत गुरुकुलम पाठशाला समेत) र संघीय र प्रदेश सरकारको राजस्वबाहेक कुनै किसिमको शुल्क नलिएको शिक्षा बुझ्नु पर्दछ ।

(ण) “सार्वजनिक विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा सञ्चालित नियमित रूपमा अनुदान प्राप्त गर्ने विद्यालय सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानुनबमोजिम सामुदायिक विद्यालयको रूपमा सञ्चालित विद्यालयसमेत जनाउछ।

(त) "निजी लगानीका विद्यालय" भन्नाले निजी लगानीमा स्थापना र सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ र यो शब्दले यो कार्यविधि जारी हुँदाको बखत कायम भएको संस्थागत विद्यालयलाई समेत जनाउछ।

(थ) “आधारभूत शिक्षा” भन्नाले बालकक्षादेखि कक्षा आठसम्मको विद्यालय शिक्षालाई सम्झनु पर्छ।

(द) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्मको विद्यालय शिक्षालाई सम्झनु पर्छ।

(ध) “बालकक्षा” भन्नाले ४८ महिना देखि ६० महिना उमेर समूहका वालवालिकाहरुलाई सिकाई गराउने वालविकास केन्द्रको कक्षालाई जनाउनेछ ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य, रणनीति र कार्यक्षेत्र

**३. कार्यक्रमको उद्देश्यः** नेपालको संविधानको धारा ३१ मा व्यवस्था भएको शिक्षा सम्बन्धी मौलिक हकलाई प्रभावकारी रूपमा कार्यन्वयन गरी यस नगरपालिकामा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क बनाउने प्रयोजनका लागि यो कार्यक्रमको उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

- गैंडाकोट नगरपालिकाभित्रका सार्वजनिक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातका आधारमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने र आवश्यकतानुसार अनुदान रकम वितरण गर्ने ।
- विद्यालय छाड्ने प्रवृत्ति कम गर्न नियमित आवश्यक विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- विपन्न परिवारका बालबालिकालाई शैक्षिक सामग्री तथा छात्रवृत्ति उपलब्ध गराउने ।
- विद्यालयमा अपुग जनशक्ति व्यवस्थापन गर्ने तथा गुणस्तरीय शिक्षाका लागी जनशक्तिको क्षमता विकास गराउने ।
- शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय समायोजन. शिक्षक कर्मचारीको दरबन्दी मिलान, काज, पदस्थापना, दरबन्दी पुन:वितरण गर्नुपर्ने भएमा सो कार्य सम्पादन गर्न सहयोग गर्ने।
- विद्यालयमा परीक्षा तथा मूल्याङ्कन कार्यक्रम, सुशासन, खेलकुद, अतिरिक्त क्रियाकलाप जस्ता महत्त्वपूर्ण शैक्षिक गतिविधिहरूलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न, अनुगमन, नियमन र व्यवस्थित गर्ने गराउने।

**४. रणनीतिः** यस कार्यक्रमको उद्देश्य प्राप्त गर्नका लागि देहायबमोजिमको रणनीतिहरु अवलम्बन गरिनेछ।

- हरेक वर्ष विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजन, दरवन्दी मिलान गरि आवश्यक शिक्षकको व्यवस्थापन गर्ने र विद्यार्थी सङ्ख्या कम भएको विद्यालयबाट बढी भएको विद्यालयमा शिक्षक दरबन्दी मिलान गरी शिक्षकलाई कामकाज गर्ने गरी व्यवस्थापन गर्ने।
- सार्वजनिक विद्यालयमा सञ्चालन हुने परीक्षा, अतिरिक्त क्रियाकलाप, मसलन्द, खानेपानी तथा विद्युत महसुल, इन्टरनेटलगायत मर्मत सम्भार कार्यका लागि आवश्यक पर्ने विविध खर्चको व्यवस्थापन

मिलाउनुका साथै विद्यालयलाई आवश्यकताअनुसार नगरपालिकाबाट अनुदान रकम निकासा गर्ने व्यवस्था मिलाउने।

- असहाय, विपन्न लक्षित वर्गका बालबालिकालाई विद्यालयको पँहुचभित्र ल्याउन छात्रवृत्ति लगायत शैक्षिक सहायताका विशेष कार्यक्रम बनाई सञ्चालन गर्ने।
- ईलेक्ट्रोनिक र डिजिटल उपकरणको व्यवस्था गरी विद्यालयमा विद्युतीय प्रणाली मार्फत अध्ययन अध्यापन हुने व्यवस्था मिलाउने र सूचना प्रविधिमा विद्यालयको क्षमता वृद्धि गरी शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने ।
- लक्षित वर्ग, स्थानीय तह, विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने समिति एवम् निकाय, सरकारी, गैर सरकारी संघसंस्थासँगको समन्वय र सहकार्यमा विशेष कार्यक्रमहरु बनाई सञ्चालन गर्ने ।

**५. कार्यक्षेत्र :** यस कार्यक्रमको कार्यक्षेत्र देहायबमोजिमका लक्षित समूह हुनेछन्:

- ➢ विद्यालय र बालविकास केन्द्रहरुमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु
- ➢ आधारभूत र माध्यमिक विद्यालय
- ➢ आधारभूत र माध्यमिक विद्यालयहरुमा कार्यरत जनशक्ति
- ➢ विद्यालय शिक्षाका सरोकारवाला सम्बन्धित पक्षहरु

## परिच्छेद-३

## निःशुल्क शिक्षा

**६. निःशुल्क शिक्षा प्रदान गर्ने :**

(१) प्रत्येक सार्वजनिक विद्यालयले बालकक्षादेखि कक्षा ८ सम्म र क्रमशः माध्यमिक तह कक्षा १२ सम्मको शिक्षामा नेपाल सरकार र प्रदेश सरकारले तोकेको शुल्क बाहेक देहाय बमोजिमका कुनै पनि शीर्षकमा विद्यार्थी वा अभिभावकहरूबाट शुल्क नलिइ विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्नुपर्नेछ :

- ✓ परीक्षा शुल्क
- ✓ पाठ्यपुस्तक वापतको शुल्क
- ✓ खेलकुद र अतिरिक्त क्रियाकलाप शुल्क
- ✓ विद्युत, खानेपानी र मर्मत संभार शुल्क
- ✓ भर्ना शुल्क
- ✓ मासिक शुल्क

(२) प्रत्येक निजी लगानीका विद्यालयले विद्यार्थी सङ्ख्याको आधारमा बालकक्षादेखि बाह्र कक्षासम्म देहायबमोजिमका विद्यार्थीहरूलाई अनिवार्य रूपमा निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्ने वा छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

क) ५०० जनासम्म विद्यार्थी भएको विद्यालयले कम्तिमा १०%

ख) ५०० जनादेखि ८०० जनासम्म विद्यार्थी भएको विद्यालयले कम्तिमा १२%

ग) ८०० भन्दाबढि विद्यार्थी भएको विद्यालयले कम्तिमा १५%

(३) प्रत्येक निजी लगानीका विद्यालयले विद्यार्थी वा अभिभावकसँग मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रूपमा शैक्षिक शुल्क लिनुअघि नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र शुल्क लागू गर्नुपर्ने छ ।

(४) सार्वजनिक विद्यालयले निशुल्क शिक्षा प्रयोजनका लागि आन्तरिक आयलाई समेत उपयोग गर्नुपर्नेछ नगरपालिकाबाट उपलव्ध गराउने अनुदान दिँदा आन्तरिक आयको हिस्सालाई समेत आधार बनाइनेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आ.ब. २०८२।०८३ का लागि प्रति विद्यार्थी रु २२०० का दरले र बाँकी रकम यस कार्यविधिको परिधि भित्र रहि विद्यालयले पेश गरेको प्रस्ताव र बिल भरपाई सहितका कागजातको आधारमा औचित्य पुष्टि हुनेगरि नगरपालिकाले कागजात मुल्यांकन गरि नगर शिक्षा समितिको निर्णयानुसार भुक्तानी गरिनेछ ।

(६) यस कार्यविधिमा बाल विकास कक्षाका विद्यार्थी भन्नाले ४८ महिना देखि ६० महिना उमेर समूहका वालवालिकाहरुलाई जनाउनेछ सो भन्दा कम उमेरका वालवालिकाहरुका लागि विद्यालयले शिशु स्याहार केन्द्र संचालन गर्नु पर्नेछ त्यसका लागि विद्यालयले स्वः लगानी गर्नु पर्नेछ ।

## ७. विद्यालयले पालना गर्नुपर्ने सर्त तथा बन्देज

(१) विद्यालयले पालना गर्नुपर्ने सर्त तथा बन्देज देहाय बमोजिम हुनेछन् :

- नगरपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रम र नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ।
- गैंडाकोट नगरपालिका शिक्षा समितिको पूर्व स्वीकृति लिएर मात्र थप पाठ्यपुस्तक र पाठ्यसामग्री लागू गर्नु पर्नेछ।
- नेपालको राष्ट्रियता माथि आँच आउने खालको पाठ्यपुस्तक वा पाठ्यसामग्री अध्यापन गर्न पाइने छैन्।
- विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना गरी पठनपाठन गर्नु पर्नेछ।
- प्रत्येक वर्ष अभिभावकको वार्षिक भेला गराइ विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु पर्नेछ।

- विद्यालयमा नेपालको राष्ट्रियता सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक, सामाजिक र धार्मिक सद्भाव र सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप सञ्चालन गर्न पाइने छैन्।
- विद्यालयमा नेपाल सरकारको स्वीकृत दरबन्दी अनुसार रिक्त पदमा विद्यालय व्यवस्थापन समितिले प्रचलित कानुनबमोजिम करार शिक्षक र कर्मचारी नियुक्ति गर्नु पर्नेछ।
- नगरपालिकाबाट भएको विद्यालय समायोजन, दरवन्दी मिलान र शिक्षक व्यवस्थापन कार्यलाई कार्यान्वयन गर्नु पर्नेछ ।
- यस कार्यविधिको नियम ६ को उपनियम (१) मा उल्लेख गरेबमोजिम बालविकासदेखि कक्षा १२ सम्मको शिक्षालाई क्रमशः आधारभुत तह कक्षा (१-८), माध्यमिक तह (९-१०) र (११-१२) निःशुल्क बनाउनु पर्नेछ।
- यस कार्यविधिबमोजिम विद्यालयले आय व्ययको लेखा राख्नुपर्ने र नगरपालिका कार्यालयमा सोको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन र अन्तिम लेखापरीक्षण प्रतिवेदनसमेत पेश गर्नु पर्नेछ।

## परिच्छेद-४
## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**८. सञ्चालन गरिने कार्यक्रम**

(१) यस कार्यक्रम अन्तर्गत देहायबमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

**(क) शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरू:**

- विद्यालयबाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने र विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन र आर्थिक विपन्नताको कारण विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्न विद्यार्थिलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- सार्वजनिक विद्यालयमा गुणस्तरीय एवम् निःशुल्क शिक्षा प्रदान गर्नका लागि विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक अभाव भएका विद्यालयलाई प्रति शिक्षक हप्तामा कम्तिमा २४ पिरियड शिक्षण गर्नेगरी कक्षा/सेक्सन, विषयअनुसार स्वीकृत दरवन्दीमा आवश्यक पर्ने थप शिक्षक तथा कर्मचारी र अंग्रेजी माध्यम सञ्चालन गरेका विद्यालयमा समेत नगरपालिका कार्यालयबाट आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गरिनेछ।
- विपन्न तथा अपाङ्गता भएका विद्यार्थीहरुको विशेष आवश्यकता सम्बोधन हुने गरी उनीहरुलाई विद्यालय छाड्न बाध्य हुने अवस्था अन्त्य गर्न आवश्यक पहल गर्ने र अन्य सहयोग गरिनेछ।
- विद्यालय मार्फत अभिभावक भेला, शिक्षा सरोकारवालाहरूबिच अन्तरक्रिया, छलफल, विद्यालय वार्षिक उत्सव जस्ता कार्यक्रमहरू सञ्चालन गराइनेछ।

**(ख) प्रशासनिक तथा पूर्वाधार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू:**

- विद्यालयको विद्युत वायरिङ तथा विद्युतीय सामग्री मर्मत खर्च र विद्युत महसुल
- विद्यालयमा इन्टरनेट सुविधा जडान कार्य तथा महसुल खर्च
- भौतिक र अन्य संरचना मर्मत सम्भार खर्च
- विद्यालयस्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन खर्च
- विद्यालय परिसरमा सरसफाइ तथा स्वच्छ, स्वस्थ खानेपानी सुविधा उपलब्ध गराउन आवश्यक भौतिक र आर्थिक सहयोग

- विद्यालयमा शौचालय निर्माण, मर्मत सम्भार र सरसफाइ व्यवस्थापन खर्च,
- विद्यालयका अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन खर्च र खेलकुद सम्बन्धी कार्यका खर्च

**(ग) मानव संसाधन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू**

यस अन्तर्गत नगरपालिका क्षेत्रभित्रका सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र आवश्यक थप जनशक्ति व्यवस्थापनका लागि नगरपालिकाबाट तत्काल अनुदान वा स्वयंसेवक शिक्षक व्यवस्थापन गरिनेछ।नगरपालिका अन्तर्गतका विद्यालयहरुको लागि संघ, प्रदेश र नगरपालिका (नगरपालिका, विषयगत शाखा र वडा) बाट विनियोजन गरिएको बजेटलाई एकीकृत गरी शिक्षक विद्यार्थी अनुपातका आधारमा मानव संसाधन तथा जनशक्ति व्यवस्थापनमा खर्च गरिनेछ र त्यस्ता जनशक्तिको क्षमता विकासका लागि तालिम, गोष्ठी र अभिमूखीकरण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

(२) माथि उपनियम (१) मा उल्लेखित कार्यक्रमको कार्यक्षेत्र अन्तर्गत अनुसूचि १ बमोजिमको ढाँचामा आधारित हुनुपर्नेछ र छात्रवृत्तिको हकमा नगरपालिकाको छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि निर्माण गरि लागू हुनेछ।

९. **निर्देशक समिति :** (१) यस कार्यक्रम कार्यान्वयनका लागि देहायबमोजिमको एक निर्देशक समिति रहनेछ ।

नगरपालिका नगर प्रमुख — संयोजक
नगरपालिका उप प्रमुख — सदस्य
प्रमुख प्रशासकीय अधिकृत — सदस्य
सामाजिक विकास समिति संयोजक — सदस्य
आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
नगर शिक्षा समितिका सदस्य मध्यबाट नगरप्रमुखले मनोनित १ जना — सदस्य
शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि — सदस्य
कार्यपालिका सदस्यहरु मध्यवाट नगरप्रमुखले मनोनित १ जना — सदस्य
शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(२) **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** :- निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

- ➢निर्देशक समितिले विद्यालयको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, शिक्षक विद्यार्थी अनुपात लगायतका समग्र कार्यक्रमको समन्वय ,अनुगमन, सहजीकरण र कार्यक्रम सञ्चालनका लागि सिफारिस गर्ने ।
- ➢ कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत निर्णय गरी कार्यन्वयन गर्ने गराउने ।
- ➢विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्न सहजीकरण गर्ने।

- शिक्षासँग सरोकार राख्ने सरकारी तथा गैर सरकारी संघ, संस्था र व्यक्तिसँग आवश्यक समन्वय, परामर्श तथा सहकार्य गर्ने ।
- विद्यालयको नियमित अनुगमन तथा सुपरीक्षण गर्ने गराउने।
- शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय समायोजन, दरबन्दी मिलान, दरबन्दी सिर्जना, पुन:वितरण शिक्षक कर्मचारीको काज सरुवा, पदस्थापना गर्नुपर्ने भएमा सो कार्य सम्पादन गर्न नगर शिक्षा समितिलाई सिफारिस गर्ने।

(३) **समन्वय तथा सहजीकरण समिति** : निःशुल्क शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नमा सहजीकरण गर्ने उद्देश्यले नगरपालिका कार्यालयलाई आवश्यक समन्वय गर्न र विद्यालयस्तरमा निरन्तर सहयोग, अनुगमन एवम् सहजीकरण गर्नको लागि प्रत्येक वडामा देहाय बमोजिमको वडास्तरीय एक समन्वय तथा सहजीकरण समिति रहनेछ।

सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
सम्बन्धित वडाको वडाध्यक्षले तोकेको १ जना वडा सदस्य — सदस्य
सम्बन्धित वडाभित्रको विद्यालय शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्याएका अनुभवी शिक्षाप्रेमी, समाजसेवी वा वुद्धिजीवीमध्येबाट वडा समितिले मनोनित गरेको २ जना — सदस्य
सम्बन्धित वडाको वडा सचिव — सदस्य सचिव

१०. **परीक्षा तथा मूल्याङ्कन समिति सम्बन्धी व्यवस्थाः** नगरपालिकाको विद्यालयस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन र मूल्याङ्कनका लागि देहायबमोजिम नगरपालिकास्तरीय परीक्षा तथा मूल्याङ्कन समिति रहनेछ ।

नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - संयोजक
विद्यालय तहमा नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषय शिक्षण गर्ने स्थायी शिक्षकहरु मध्येबाट प्र.अ.बैठकबाट मनोनित कम्तिमा १ जना महिला शिक्षक सहित ६ जना – सदस्य
विद्यालयका प्रअहरु मध्येबाट संयोजकले तोकेको १ जना - सदस्य
नगरपालिकाको शिक्षा अधिकृत - सदस्य सचिव

नगरपालिकास्तरीय परीक्षा तथा मूल्याङ्कन समितिको अनुमति एवम निर्देशन बमोजिम प्रत्येक विद्यालयले विद्यालयस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन र मूल्याङ्कनका सम्बन्धी देहायबमोजिमका कार्यहरू सञ्चालन गर्नेछन।

- शिक्षकले पाठ्यक्रम र मूल्याङ्कन प्रक्रियाले तोकेको कक्षामा हरेक पाठको अन्यमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी निरन्तर मूल्याङ्कन (CAS) अभिलेखमा जनाई राख्नु पर्नेछ । निरन्तर मूल्याङ्कन यथावत राखेर आवधिक र लिखित परीक्षालाई मात्र आधार बनाइ आवधिक रुपमा गर्न पाइने छैन् त्यस्तो गर्नेलाई कारबाही गरिनेछ।

- एकीकृत पाठ्यक्रममा तोकिएको विधि र प्रक्रियाको दायराको आधारमा निरन्तर मूल्याङ्कन हुने गरी तोकिएको समय सीमाभित्र गर्नु पर्नेछ।
- विषय शिक्षकले हरेक एकाइको अन्त्यमा एकाइ परीक्षा लिई त्यसको नतिजा र विद्यार्थीले सुधार गर्नुपर्ने पक्षको पृष्ठपोषण तत्काल दिनुपर्नेछ ।
- विद्यालयले प्रथम त्रैमासिक र अर्धवार्षिक परीक्षा विद्यालयको आन्तरिक परीक्षाका रुपमा आफैले वा सामुहिक रुपमा मिलेर गर्नेछ उक्त परीक्षाको व्यबस्थापन नगरपालिकाले गर्न समेत सक्नेछ ।
- कक्षा ३ र ५ को ल्याकत परीक्षण गर्ने विद्यालयको सहभागितामा नगरपालिकास्तरीय परीक्षा मूल्याङ्कन समितिले सबै विषयको एउटै वा एक भन्दा बढी प्रश्नपत्र बनाइ परीक्षा लिई वास्तविक सिकाइ उपलब्धि पत्ता लगाउन सकिनेछ।
- विद्यार्थीको मूल्याङ्कनलाई अक्षराङ्क पद्धतिबाट अभिलेख जनाइ सो अनुसार लब्धाङ्कपत्र (ग्रेडसिट) तयार गर्नुपर्नेछ ।
- परीक्षामा सर्वोत्कृष्ट छात्रछात्रा, कुनै सिप तथा सिर्जनामा उत्कृष्ट छात्रछात्रा, अनुशासनमा अनुकरणीयहरु पहिचान गरी पुरस्कृत गरिनेछ ।
- परीक्षाको परिणामसँगै कक्षागत, विषयगत, वर्गीकृत, विद्यार्थीगत सिकाइ उपलब्धि र उत्तीर्ण प्रतिशत तालिका बनाइ राख्ने, विश्लेषण गर्ने र परीक्षा परिणाम घोषणा भएको १५ दिनभित्र शिक्षा शाखामा पठाउने व्यवस्था गरिनेछ ।
- कक्षा ५, ८, १०, ११ र १२ को अन्तिम परीक्षा हुनुभन्दा कम्तिमा एक महिना अगावै वार्षिक अभ्यास परीक्षा लिइ प्राप्ताङ्कका आधारमा सुधार गर्न पृष्ठपोषण प्रदान गर्नु पर्नेछ ।
- विद्यालयले गर्ने हरेक कार्यक्रमहरु जस्तैः शिक्षा दिवस, साक्षरता दिवस, बाल दिवस, संविधान दिवस, वातावरण दिवस, रेडक्रस दिवस, गणतन्त्र दिवस जस्ता दिवस उत्सव र विद्यालय स्थापना दिवस विभिन्न प्रतिभा विकासका प्रतियोगिता सञ्चालन गरि मनाउनेछन् ।
- विद्यालयमा विद्यार्थी नेतृत्वमा सदनको गठन, जुनियर युवा रेडक्रस, बाल क्लब गठन, खेलकुद तथा सांस्कृतिक क्लब गठन जस्ता विद्यार्थीको क्षमता विकास, वातावरण संरक्षण, नेतृत्व विकास, मानवियता प्रवर्धन, नैतिकता प्रवर्धन खेलकुदको विकास, हिंसा न्यूनीकरण, बालविबाह नियन्त्रण, लैङ्गिक तथा सामाजिक समावेशीकरण प्रवर्धन गरिनेछ।

## परिच्छेद-५

## बजेट तथा अनुदान निकासा र भुक्तानी प्रकिया

### ११. बजेट विनियोजन तथा अनुदान

(१) नगरपालिकाले प्रत्येक वर्ष नगर सभामार्फत आफ्नो नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा सार्वजनिक विद्यालय, विद्यार्थी सङ्ख्या र विद्यार्थी सिकाइ उपलब्धि एवम् नतिजाको

आधारमा क्रमशः माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गराउन आवश्यक पर्ने अनुदान रकम तथा बजेट विनियोजन गर्नेछ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका अतिरिक्त अन्य कुनै व्यक्ति, संघ, संस्थाले सार्वजनिक विद्यालयलाई कुनै किसिमको आर्थिक सहायता, सहयोग वा अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै व्यक्ति, निकाय, संघ, संस्थाले विद्यालयलाई सहायता, सहयोग वा अनुदान रकम उपलब्ध गराउदा नगरपालिकाबाट अनुमति लिनुपर्नेछ।

**१२. विद्यालयले अनुदान रकम माग गर्नेः**

(१) विद्यालयले IEMIS मा प्रविष्ट विद्यार्थी सङ्ख्याको आधारमा कक्षागत रूपमा यथार्थ विद्यार्थी सङ्ख्या र विद्यालय सञ्चालन भएको दिनअनुसार शिक्षा शाखाले तोकेको ढाँचामा प्रत्येक त्रैमासिकमा नगरपालिका कार्यालय समक्ष यस कार्यविधिको नियम ८ बमोजिमका क्रियाकलापहरुका लागि अनुदान रकम निकासा माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित विद्यालयबाट रकम निकासा माग भई आएपश्चात् शिक्षा शाखाले आवश्यक जाँचबुझ र अध्ययन गरी आर्थिक प्रशासन शाखामा सिफारिस साथ अनुदान रकम निकासा गर्न पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सिफारिस प्राप्त भएपश्चात् आर्थिक प्रशासन शाखाले सम्बन्धित विद्यालयको बैंक खातामा अनुदानको रुपमा रकम निकासा गर्नुपर्नेछ।

(४) उपनियम (१) बमोजिम रकम निकासाका लागि विद्यालयले यस कार्यविधिमा तोकिएको शीर्षकमा तोकिएको मापदण्डबमोजिम खर्च गरी शोध भर्नाको लागि नगरपालिका कार्यालयमा अनुरोध गरेमा संलग्न कागजातहरूको आधारमा नगरपालिकाबाट नियमानुसार सम्बन्धित विद्यालयलाई खर्च गरेको रकम भुक्तानी वा निकासा गरिनेछ तर यस कार्यविधिको अनुसूचि १ मा उल्लेखित कार्यक्रम शीर्षकअनुसार वर्षिक अधिकतम तोकिएको रकमभन्दा बढि खर्च गरेको प्रमाणित कागजातहरू संलग्न गरी नगरपालिका कार्यालयमा रकम माग गरेमा त्यस्तो विद्यालयलाई सो खर्च बापतको रकम निकासा गरिने छैन्।

**१३. अनुदान निकासा र भुक्तानी प्रकिया**

(१) नगरपालिका कार्यालयबाट सार्वजनिक विद्यालयमा निकासा हुने अनुदान रकम वा शोध भर्ना हुने रकम देहाय बमोजिमको प्रकियाबाट विद्यालयको खातामा निकासा एवम् भुक्तानी गरिने व्यवस्था मिलाइनेछ।

**क) विद्युत महसुल, खानेपानी महशुल विद्युतिय सामाग्री मर्मत तथा खरिद खर्च**

नगरपालिका कार्यालयबाट विद्यालयले तिरेको विद्युत र खानेपानीको बिल वा भुक्तान गरेको संलग्न बिलको आधारमा मासिक, त्रैमासिक वा चौमासिक रूपमा शोधभर्ना हुने गरी विद्यालयको खातामा निकासा गरिनेछ भने जरिवाना वापतको रकम भने भुक्तानी गरिने छैन् ।साथै विद्यालयले वायरिङ, विधुतीय पंखा जडान र अन्य विद्युतीय सामग्री मर्मतको लागि नगरपालिकाको प्राविधिक सहयोगबाट प्राविधिक लागत अनुमानको आधारमा प्रस्ताव स्वीकृत गराई यस कार्यविधिको अनुसूची -१ मा उल्लेखित बार्षिक अधिकतम तोकिएको खर्च मापदण्डबमोजिम नबढ्ने गरी खर्च गरेर आवश्यक कागजातहरू संलग्न गरी भुक्तानीका लागि नगरपालिका कार्यालयमा रकम माग गरेमा सोही अनुसार विद्यालयलाई रकम भुक्तानी गरिनेछ।

ख) **विद्यालयस्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन खर्च**

प्रत्येक सार्वजनिक विद्यालयले प्रारम्भिक बालकक्षा देखि क्रमशः माध्यमिक तह सम्म का (EMIS मा प्रविष्ट) विद्यार्थी सङ्ख्या अनुसार प्रथम त्रैमासिक परीक्षामा सामेल भएका विद्यार्थी सङ्ख्यालाई विद्यालयको प्रअ र विव्यस अध्यक्षबाट कक्षागत विवरण प्रमाणित गरी नगरपालिका कार्यालयमा विद्यालयस्तरीय परीक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदानको आधारमा हुन आउने एकमुष्ठ कुल अनुदान रकम माग गरेपश्चात् नगरपालिका कार्यालयबाट परीक्षामा सामेल भएका कक्षागत विद्यार्थी सङ्ख्या यकिन गरी पहिलो पटकमा **दोस्रो त्रैमासिकभित्र** देहायबमोजिमको प्रति विद्यार्थी लागतका आधारमा हुन आउने वार्षिक एकमुष्ठ कुल अनुदान रकमको ७५% अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ ।

विद्यालयको प्रारम्भिक बालकक्षा देखि कक्षा १२ सम्मको विद्यालयस्तरिय परीक्षा (नगरपालिकास्तरीय कक्षा ५ र ८ वार्षिक परीक्षाबाहेक) परीक्षा सञ्चालन र व्यवस्थापन गर्दा आवश्यक पर्ने परीक्षा सामग्रीहरू उत्तरपुस्तिका, फोटोकपी पेपर, डटपेन, रेकर्ड फाइल लगायतका स्टेसनरी र खरिद गरेको परीक्षा सामग्रीहरू, प्रश्नपत्र छपाई र उत्तरपुस्तिका परीक्षण कार्य लगायत वार्षिकस्तरीय परीक्षा कार्यक्रममा खटिएका जनशक्तिलाई व्यवस्थापन गरेको पारिश्रमिक, परीक्षा ब्यवस्थापन खाजा खर्च समेतको बिल, भरपाई, विद्यालय ब्यवस्थापन समितिको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, प्रमाणित खर्च विवरण र आवश्यक कागजातहरू संलग्न गरी सम्बन्धित विद्यालयबाट परीक्षा खर्च विवरण प्रमाणित कागजातहरू पेश गरेको आधारमा नगरपालिका कार्यालयबाट यस शीर्षकमा विनियोजित बजेटबाट बाँकी अपुग हुने २५% अनुदान रकम मात्र अन्तिम त्रैमासिकभित्र विद्यालयको खातामा निकासा गरिनेछ।

ग) **इन्टरनेट सञ्चालन र व्यवस्थापन खर्च**

संघीय सरकारबाट ससर्त अनुदान तर्फ कार्यक्रम कार्यन्वयन पुस्तिकाबमोजिम विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च शीर्षकमा रकम वित्तिय हस्तान्तरण नभएको खण्डमा वा सशर्त अनुदानबाट रकम प्राप्त नभएको अवस्थामा वा नपुग भएको अवस्थामा मात्र यस कार्यविधिको अनुसूची -१ मा उल्लेखित इन्टरनेट सञ्चालन शुल्क र व्यवस्थापन खर्च शीर्षकमा तोकिएको रकम निरन्तरता दिनका

लागि सोध भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।तर माध्यमिक विद्यालयको हकमा भने सशर्त अनुदानबाट इन्टरनेट सञ्चालन तथा व्यवस्थापन खर्च र इन्टरनेट शुल्क भुक्तानी गर्दा अपुग भएको बाँकी रकम कार्यालयले एकिन गरी यस कार्यविधिमा उल्लेखित बार्षिक अधिकतम तोकिएको दरमा नबढ्ने गरी नगरपालिका कार्यालयबाट विद्यालयलाई इन्टरनेट शुल्क वापतको अपुग रकम नियमानुसार विद्यालयको खातामा निकासा गरिनेछ।

**घ) विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन खर्च** :

नगरपालिका कार्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन शिर्षकबाट विद्यालयले सञ्चालन गरेको कार्यक्रमको खर्च प्रमाणित गरेर विल, भरपाइ, विद्यालय ब्यवस्थापन समितिको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, प्रमाणित खर्च विवरण सहित आवश्यक सम्पूर्ण कागजातहरू पेश गरी नगरपालिका कार्यालयमा अनुदान रकम माग गरेमा यस कार्यविधिमा उल्लेखित वार्षिक अधिकतम तोकिएको दरमा नबढ्ने गरी खर्च गरेको रकम सम्बन्धित विद्यालयलाई शोधभर्ना गर्ने व्यवस्था मिलाइनेछ तर माध्यमिक विद्यालयको हकमा भने देहायबमोजिमको विद्यार्थी सङ्ख्या भएका विद्यालयलाई देहाय बमोजिमको मापदण्डमा नबढने गरी सम्बन्धित विद्यालयले खर्च प्रमाणित गरेर माग गरेको रकम सम्बन्धित विद्यालयलाई भुक्तानी गरिनेछ।

| विद्यार्थी सङ्ख्या | वार्षिक खर्च मापदण्ड रकम |
|---|---|
| ५०० सम्म विद्यार्थी भएमा | रू ५०००० |
| ५०० देखि १००० सम्म विद्यार्थी भएमा | रू ६०००० |
| १००० माथि भन्दा विद्यार्थी सङ्ख्या भएमा | रू ७०००० |

**ङ) कक्षा ९-१२ प्रति विद्यार्थी लागत अनुदान**

प्रत्येक सार्वजनिक माध्यमिक विद्यालय कक्षा (९-१२) ले क्रमशः १२ सम्म भर्ना भएका (EMIS मा प्रविष्ट) विद्यार्थी सङ्ख्यालाई विद्यालयको प्रअ र विव्यस अध्यक्षबाट कक्षागत विवरण प्रमाणित गरी नगरपालिका कार्यालयमा प्रति विद्यार्थी लागत अनुदान रकम माग गरेपश्चात् नगरपालिका कार्यालयबाट विद्यालयमा नियमित रूपमा अध्ययन गर्ने कक्षागत विद्यार्थी सङ्ख्या यकिन गरी पहिलो पटकमा **दोस्रो त्रैमासिकभित्र** प्रति विद्यार्थी लागतका आधारमा वार्षिक रू २०० का दरले हुन आउने एकमुष्ठ कुल अनुदान रकमको ७५% अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ।तत्पश्चात् विद्यालयमा निकासा भएको रकम विद्यालयले देहायबमोजिमका क्षेत्र/शिर्षकमा विद्यालयले सञ्चालन गरेको कार्यक्रमको विल, भरपाइ, विद्यालय ब्यवस्थापन समितिको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र खर्च विवरण प्रमाणित कागजातहरू पेश गरेको आधारमा नगरपालिका कार्यालयबाट बाँकी अपुग हुने रकम मात्र दोस्रो पटक अन्तिम त्रैमासिकभित्र

विद्यालयको खातामा निकासा गरिनेछ। यस शीर्षक अन्तर्गत निकासा भएको रकम सम्बन्धित विद्यालयले देहायबमोजिमका क्षेत्र/शिर्षकमा खर्च गर्न सक्नेछन्

- माध्यमिक तह कक्षा ९-१२ को बाह्य परीक्षा र मूल्याङकन सम्बन्धी कामकाज गर्न जाँदा आउँदा (दूरीका आधारमा अधिकतम ५ पटकसम्म खपत इन्धन) को इन्धन/यातायत खर्च, स्टेसनरी र मसलन्द खर्च
- माध्यमिक तह कक्षा ९-१२ को पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामाग्री, शिक्षक निर्देशिका, शैक्षिक सामग्री, डिजिटल सिकाइ सामग्री र सन्दर्भ सामग्री खरिद तथा ब्यवस्थापन
- माध्यमिक तह कक्षा ९-१२ मा अतिरिक्त कक्षा/उपचारात्मक कक्षा सञ्चालन र ब्यवस्थापन
- माध्यमिक तह कक्षा ९-१२ को कक्षाकोठा व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, ICT सामग्री खरिद तथा व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी अन्य कार्यहरू

**च) विद्यालय व्यवस्थापन अनुदान खर्च**

संघीय सरकारको सशर्त अनुदान तर्फ कार्यक्रम कार्यन्वयन पुस्तिकामा उल्लेखित विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकमा रकम वित्तिय हस्तान्तरण भएको रकममा सत प्रतिशत थप हुनेगरी विद्यालयलाई शोधभर्ना गर्ने व्यवस्था मिलाइनेछ। सशर्त अनुदानको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकमा विनियोजित रकमबाट विद्यालयका लागि आवश्यक पर्ने मसलन्द सामग्री, स्टेसनरी सामग्री र विद्यालय व्यवस्थापन सम्बन्धी अति आवश्यक अन्य कार्यहरू, सामान्य मर्मत संभार कार्यमा गरेको खर्च रकम अपुग भएमा सम्बन्धित विद्यालयले खर्च विवरण प्रमाणित गरेर आवश्यक सम्पूर्ण कागजातहरू पेश गरी कार्यालयमा अनुदान रकम माग गरेमा यस कार्यविधिको अनुसूची- १ मा उल्लेखित विद्यालय व्यवस्थापन अनुदान खर्च शीर्षकबाट वार्षिक अधिकतम तोकिएको दरमा नबढ्ने गरी देहायबमोजिमका विद्यालयलाई देहायबमोजिमको अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा वा भुक्तानी गर्न सकिनेछ तर संघीय सरकारको सशर्त अनुदानबाट थप रकम प्राप्त हुन आएमा उक्त रकम निकासा गरिने छैन ।

देहाय

| विद्यालय | वार्षिक खर्च मापदण्ड रकम |
|---|---|
| प्राथमिक विद्यालय (कक्षा १-५) | प्रति विद्यालय रू १५००० |
| आधारभूत विद्यालय (कक्षा १-८) | प्रति विद्यालय रू २०००० |
| माध्यमिक विद्यालय (कक्षा १-१०) | प्रति विद्यालय रू २५००० |
| माध्यमिक विद्यालय (कक्षा १-१२) | प्रति विद्यालय रू ३०००० |
| | |

**छ) खेलकुद सामग्री र खेलकुद व्यवस्थापन खर्च**

नगरपालिका कार्यालयबाट यस कार्यविधिको अनुसूचिमा उल्लेखित खेलकुद सामग्री र व्यवस्थापन खर्च कार्यक्रम शीर्षकमा वार्षिक अधिकतम तोकिएको दरमा नबढ्ने गरी विद्यालयको

आवश्यकताबमोजिम खेलकुद सामग्रीहरू व्यवस्थापन गर्न सकिनेछ । सोहीबमोजिम विद्यालयले खेलकुद सामग्री खरिद र खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापन (रनिङ शिल्ड समेत) मा खर्च गरेको बिल, भरपाई, विद्यालय ब्यवस्थापन समितिको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, प्रमाणित खर्च विवरण र अन्य आवश्यक कागजातहरू संलग्न गरी नगरपालिका कार्यालयमा सम्पूर्ण विद्यालयहरूबाट रकम माग गरी आएको खण्डमा सम्बन्धित विद्यालयको खर्च विवरण प्रमाणितका आधारमा यस कार्यविधिको अनुसूची-१ मा उल्लेखित वार्षिक अधिकतम तोकिएको दरमा नबढ्ने गरी विद्यालयको खातामा खेलकुद खर्च रकम वार्षिक एकमुष्ठ रूपमा भुक्तानी गरिनेछ। नगरपालिका कार्यालयबाट यस शीर्षकमा विद्यालयलाई तोकिएको वार्षिक अधिकतम मापदण्ड अनुसारको रकमभन्दा बढी रकम भुक्तानी गरिनेछैन् ।

**ज) विद्यालयको मर्मत सम्भार र सरसफाइ खर्च**

विद्यालयले खानेपानी तथा भौतिक संरचना, फनिर्चर, मेसिनरी औजार सामग्री, सरसफाइ सामग्री, कम्प्युटर लगायत ICT सामग्री अन्य विविध संरचना मर्मत सम्भार गरेको खर्च, सरसफाइ सामग्री खरिद गरेको बिल, विद्यालय ब्यवस्थापन समितिको निर्णय, खरिद आदेश, दाखिला प्रतिवेदन, बिल, भरपाई, कार्यसम्पन्न प्रतिवेदन, प्रमाणित खर्च विवरण र अन्य आवश्यक कागजातहरू संलग्न गरी नगरपालिका कार्यालयमा रकम माग गरेको खण्डमा विद्यालयले खर्च गरेको रकम यस कार्यविधिको अनुसूची -१मा उल्लेखित कार्यक्रम शीर्षकमा तोकिएको वार्षिक अधिकतम दरमा नबढ्ने गरी विद्यालयको खर्च विवरण प्रमाणितका आधारमा नगरपालिकाबाट सम्बन्धित विद्यालयको खातामा वार्षिक एकमुष्ट वा अर्धवार्षिक वा त्रैमासिक रूपमा निकासा गरिनेछ ।

**झ) नगरपालिका स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान**

(२) नेपाल सरकारको स्वीकृत दरबन्दी र नगरपालिकाको स्थानीय दरबन्दी बाहेक सार्वजनिक विद्यालयमा कार्यरत मौजुदा शिक्षक र विद्यालय कर्मचारीहरूले विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्न र नियमित शिक्षण सिकाइ क्रियाकलापमा कठिनाइ सिर्जना भई विद्यालयमा कक्षा/सेक्सन र विषयअनुसार थप जनशक्ति आवश्यक परेको खण्डमा विद्यालयमा नगरपालिका कार्यालयबाट स्वीकृत स्थानीय दरबन्दीमा शिक्षक, कर्मचारी र थप जनशक्ति नियुक्ति एवम् व्यवस्थापन सकिनेछ। यसरी नगरपालिकाको नियमानुसार करार सम्झौता गरी नगरपालिका कार्यालयबाट नियुक्त भएका जनशक्ति व्यवस्थापन खर्च शीर्षकमा विनियोजित बजेट कार्यान्वयनका लागि विद्यालयबाट त्रैमासिक/चौमासिक रूपमा तलब माग फारम सङ्कलन र प्रमाणित गरी रकम माग गरेमा सम्बन्धित विद्यालयको खातामा देहायबमोजिमको अनुदान रकम निकासा गरिनेछ।

- नगरपालिकाको स्थानीय दरबन्दीमा आधारभूत तह कक्षा १-५ मा कार्यरत करार स्वयंसेवक शिक्षकका लागि प्रति शिक्षक प्रति महिना रू २२००० का दरले १३ महिनाको तलब भत्ता/पारिश्रमिक

- नगरपालिकाको स्थानीय दरबन्दीमा आधारभूत तह कक्षा ६-८ मा कार्यरत करार स्वयंसेवक शिक्षकका लागि प्रति शिक्षक प्रति महिना रू २७००० का दरले १३ महिनाको तलब भत्ता/पारिश्रमिक
- नगरपालिकाको स्थानीय दरबन्दीमा माध्यमिक तह कक्षा ९-१० मा कार्यरत करार स्वयंसेवक शिक्षकका लागि प्रति शिक्षक प्रति महिना रू ३२००० का दरले १३ महिनाको तलब भत्ता/पारिश्रमिक
- नगरपालिकाको स्थानीय दरबन्दी र सरकारी दरवन्दी वा अनुदान कोटामा कार्यरत वालविकासका बाल शिक्षक, आधारभूत तह कक्षा १-५, आधारभूत तह कक्षा ६-८, र माध्यमिक तह कक्षा ९-१० मा कार्यरत शिक्षकको सुत्केरी सट्टा शिक्षक करारका लागि प्रति शिक्षक प्रति महिना रु १९०००, रू २२०००, रु २७००० र रु ३२००० का दरले १३ महिनाको तलब भत्ता/पारिश्रमिक
- नगरपालिकाले माध्यमिक तह कक्षा ११-१२ को हकमा प्रति पिरियड प्रति महिना रू ७५०० का दरले आंशिक करार स्वयंसेवक शिक्षकको तलब भत्ता/पारिश्रमिक
- सार्वजनिक विद्यालयका बालविकास शिक्षकहरू र विद्यालय कर्मचारीहरूको नगरपालिकाबाट थप अनुदान प्रति शिक्षक/कर्मचारी प्रति महिना रू ९००० का दरले १३ महिनाको पारिश्रमिक
- नगरपालिकाको स्थानीय दरबन्दीमा नियुक्त भएका विद्यालय सहयोगीहरूको प्रति महिना रू १५००० का दरले १३ महिनाको पारिश्रमिक
- नगरपालिकाको स्थानीय दरबन्दीमा नियुक्त भएका लेखापाल र अन्य विद्यालय कर्मचारीहरूको प्रति महिना रू २०५०० का दरले १३ महिनाको पारिश्रमिक
- सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकाहरूको नगरपालिकाबाट थप अनुदान प्रति परिचालिका प्रति महिना रू ९००० का दरले १३ महिनाको पारिश्रमिक
- विषेश शिक्षा संचालन भएका विद्यालयमा नगरपालिकाको स्थानीय दरबन्दीमा नियुक्त भएका विद्यालय सहयोगीहरूको प्रति महिना रू १५००० का दरले १३ महिनाको पारिश्रमिक
- नगरपालिकाको स्थानीय दरबन्दीमा नियुक्त भएका शौचालय सरसफाइ सहयोगीहरूको प्रति महिना रू १५००० का दरले १३ महिनाको पारिश्रमिक
- सार्वजनिक विद्यालयका प्रअ हरुका लागि सत प्रतिशत थप प्रअ भत्ता १२ महिनाको भत्ता

(३) यस कार्यविधिमा उल्लेखित नगरपालिकाको स्वीकृत स्थानीय दरबन्दीमा सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी, एवम् जनशक्तिको पारिश्रमिकमा समयानुकूल पुनरावलोकन गर्न मनासिव देखिएको खण्डमा नगर सभाले निर्णय गरेबमोजिम पुनरावलोकन हुनेछ र नगरपालिकाबाट बालशिक्षक तथा कर्मचारीलाई उपलब्ध गराउदै आएको थप अनुदान रकमसमेत सोहीबमोजिम पुनरावलोकन हुनेछ ।

(४) यस कार्यविधिको कार्यान्वयनका लागि स्थानीय दरवन्दीमा स्वयंसेवक शिक्षक र कर्मचारी परिचालनका लागि विद्यालय समायोजन, दरवन्दी मिलान र शिक्षक व्यबस्थापन कार्य अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद-६
## विविध

**१४. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः**

१ निर्देशक समितिले यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू गुणस्तरीय र पारदर्शी तवरले भए/नभएको सम्बन्धमा निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्नेछ र गर्न लगाउनेछ ।

२ हरेक चौमासिकमा विद्यालयको प्रगति र उपलब्धि समीक्षा गरेर प्रगति उपलब्धिका आधारमा अनुदान दिने व्यवस्था गर्नुपर्नेछ ।

३ निर्देशक समितिले यस कार्यविधिमा व्यवस्था गरेका प्रावधानहरूको उपादेयता र आगामी दिनमा सुधार गर्नुपर्ने क्रियाकलाप र नगरपालिकाले चाल्नु पर्ने कदमसमेत समावेश गरी सुझाबसहित प्रतिवेदन नगरसभामा समक्ष पेश गर्नु पर्नेछ।

**१५. बजेट तर्जुमा खर्च तथा लेखाङ्कन, सुशासन तथा लेखापरीक्षणः**

१ विद्यालयमा निकासा भएको रकम प्रचलित कानुनबमोजिम खर्च व्यवस्थापन गर्नुपर्नेछ।

२ विद्यालयले प्रत्येक वर्षको असार पन्ध्रभित्र बजेट तर्जुमा गरी असार मसान्तभित्र स्वीकृत गर्नुपर्नेछ ।

३ सामाजिक लेखापरीक्षण विद्यालयले कार्तिक मसान्तभित्र सम्पन्न गरी सक्नु पर्नेछ र अन्तिम लेखापरीक्षण गैंडाकोट नगरपालिकाले सूचना जारी गरेपछि तोकिएको म्यादसम्म सम्पन्न गर्ने र सोको प्रतिवेदन लेखापरीक्षण भएको मितिले १५ दिनभित्र नगरपालिका कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**१६. प्रचलित कानुनबमोजिम हुनेः**

यस कार्यविधिमा लेखिएका विषयवस्तु यसै कार्यविधिबमोजिम तथा अन्य विषयको हकमा नेपालको प्रचलित कानुनबमोजिम हुनेछ।

**१७. बाधा अड्काउ फुकाउसम्बन्धी व्यवस्थाः**

यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा फुकुवाका लागि नगर कार्यपालिकाको बैठकले आवश्यक निर्णय गरि बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**१८. बचाउ र खारेजीः**

(१) यस नगरपालिकामा नगर शिक्षा समितिबाट हाल सम्म भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) नगरपालिकाबाट निर्मित विभिन्न कार्यविधि, नमूना कानून र प्रचलन बमोजिम भए गरेका कामहरु यसै कार्यविधि बमोजिम गरेको मानिनेछ ।

(३) यो कार्यविधिमा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको वा अन्य भ्रष्टाचार जन्य कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

**१९. कार्यविधि संशोधन**

यो कार्यविधिलाई परिमार्जन एवम् संशोधन गर्नुपर्ने आवश्यकता भएमा नगर कार्यपालिकाले संशोधन गर्नसक्नेछ।

अनुसूची - १

## निःशुल्क शिक्षा कार्यक्रम कार्न्यान्वयनका लागि वार्षिक खर्चको मापदण्ड

| क्र स | शिर्षक/बिबरण | प्राथमिक | | | आधारभुत | | | माध्यमिक | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर | परिमाण | जम्मा | दर | परिमाण | जम्मा | दर | परिमाण | जम्मा | | |
| 1 | विद्युत महसुल, खानेपानी महशुल विद्युतिय सामाग्री मर्मत तथा खरिद खर्च | 20000 | 9 | 180000 | 40000 | 14 | 560000 | 130000 | 10 | 1300000 | 2040000 | विद्युत र खानेपानी महसुल रकम संलग्न बिल बमोजिम भुक्तानी हुने र विद्यालय २,३ स्थानमा संचालन भै बिग स्कुलको रुपमा रहेका विद्यालयहरुलाई रु ३००००० माथिल्लो सिमा कायम गरिएको छ । |
| 2 | विद्यालयस्तरिय परीक्षा सञ्चालन र ब्यवस्थापन खर्च | १५० | प्रति विद्यार्थी लागत | | २५० | प्रति विद्यार्थी लागत | | ३०० | प्रति विद्यार्थी लागत | | | प्रति बिद्यार्थी लागत परीक्षा संचालन रकम निकासा माथी नियम १३ १ (ख) अनुसार |
| 3 | इन्टरनेट सञ्चालन र ब्यबस्थापन खर्च | 12000 | 9 | 108000 | 15000 | 14 | 210000 | 20000 | 10 | 200000 | 518000 | सशर्त अनुदानबाट रकम प्राप्त नभएको खण्डमा वा माध्यमिक तहको हकमा नपुग भएमा मात्रै । विद्यालय २,३ स्थानमा संचालन भै बिग स्कुलको रुपमा रहेका विद्यालयहरुलाई रु ६०००० माथिल्लो सिमा कायम गरिएको छ । |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 4 | विद्यालयस्तरिय अतिरिक्त क्रियाकलाप सञ्चालन खर्च | 10000 | 9 | 90000 | 20000 | 14 | 280000 | 50000 | 10 | 500000 | 870000 | माध्यमिक तहको लागि मात्र नियम १३ १ (घ) लागु हुने |
| 5 | कक्षा ९-१२ प्रति विद्यार्थी लागत अनुदान | – | – | – | – | – | – | 200 | प्रति विद्यार्थी लागत | | | प्रति बिद्यार्थी लागत अनुदान रकम निकासा |
| 6 | विद्यालय ब्यवस्थापन अनुदान खर्च | 15000 | 9 | 135000 | 20000 | 14 | 280000 | 30000 | 10 | 300000 | 715000 | सशर्त अनुदानबाट रकम प्राप्त नभएको खण्डमा मात्रै |
| 7 | खेलकुद सामग्री र खेलकुद ब्यवस्थापन खर्च | 20000 | 9 | 180000 | 30000 | 14 | 420000 | 150000 | 10 | 1500000 | 2100000 | |
| 8 | विद्यालयको मर्मत संभार र सरसफाइ ब्यवस्थापन खर्च | 30000 | 9 | 270000 | 40000 | 14 | 560000 | 60000 | 10 | 600000 | 1430000 | |

पुनश्च : यस कार्यविधिको अनुसूचीमा उल्लेखित शीर्षक बमोजिम वार्षिक अधिकतम तोकिएको दरभन्दा बढी खर्च भएको रकम माग गरेमा कुनै पनि विद्यालयलाई भुक्तानी गरिने छैन्।

अनुसूची- २

अनुदान निकासा माग फारमको ढाँचा

श्री ..............................................विद्यालय

गैंडाकोट, ..... नवलपरासी (ब.सु.पू.)

पत्र संख्या : मिति :

च. नं. :

विषय : अनुदान रकम माग सम्बन्धमा ।

श्री गैंडाकोट नगरपालिकाको कार्यालय,
नवलपरासी (ब.सु.पू.)

प्रस्तुत विषयमा आ.व. २०.../... को प्रथम/दोस्रो/तेस्रो/चौथो त्रैमासिक निकासा अन्तर्गत ................कार्यक्रमको लागि यस विद्यालयमा अध्ययनरत ....... देखि कक्षा ....... सम्मका विद्यार्थीहरुको विवरण संलग्न गरी तहाँ कार्यालयबाट नियमानुसार ........... कार्यक्रमको खर्च व्यवस्थापन रकम निकासा गर्ने व्यवस्था मिलाइ दिनहुन यसै पत्र मार्फत अनुरोध छ ।

| क्र.सं. | कक्षा | IEMIS मा प्रविष्ट विद्यार्थी सङ्ख्या | नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या | प्रति विद्यार्थी बार्षिक दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालकक्षा | | | | | |
| २ | कक्षा १ | | | | | |
| ३ | कक्षा २ | | | | | |
| ४ | कक्षा ३ | | | | | |
| ५ | कक्षा ४ | | | | | |
| ६ | .... | | | | | |
| कुल जम्मा | | | | | | |

नोट: परीक्षा कार्यक्रमको लागि भने विद्यालयस्तरीय परीक्षामा उपस्थित वास्तविक विद्यार्थी सङ्ख्यालाई आधार मानिने छ।

................... ..................
प्रधानाध्यापक विव्यस अध्यक्ष

आज्ञाले,
रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत